दोरम्बा शैलुङ गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

टोकरपुर, रामेछाप

बागमती प्रदेश, नेपाल ।

प.सं. २०८१।०८२

च.नं.

मिति : २०८१/०५/०९

## प्रेस विज्ञप्ती

दोरम्बा शैलुङ गाउँपालिकामा मिति २०८१ साल भाद्र ८ गते बेलुकादेखि रातभर परेको अविरल बर्षका कारण दोरम्बा शैलुङ गाउँपालिकामा ठुलो धनजनको क्षति भएको छ । यस गाउँपालिकाको वडा नं. ३ लेखर्क भन्ने स्थानमा पहिरोको कारण ४ घर पूर्ण रुपमा क्षति भई ६ जनाको अकल्पनिय रुपमा निधन भएको ४ जना बेपत्ता हुनुभएको र १ जना घाइते हुनु भएकोले यस गाउँपालिका विक्षिप्त भएको छ । यस दुखद घडिमा मृत आत्माको चीर शान्तिको कामना गर्दै शोकसन्तप्त परीवारजनमा धैर्यधारण गर्न सक्ने शक्ति प्रदान होस भनि प्रार्थना गर्दछौं । साथै घाइतेको उपचार भइरहेको र वेपत्ता हुनुभएकाहरुको खोजि कार्य जारी रहेको व्यहोरा सम्बन्धित सबैमा अनुरोध गर्न चाहन्छौं ।

प्राकृतिक विपत्तिको यस समयमा आ आफ्नो ठाउँबाट सहयोमा जुट्न सम्पूर्णमा आब्हान गर्दछौं । सम्पूर्ण गाउँपालिकाबासी दिदीबहिनी तथा दाजुभाईहरुलाई सम्भावित जोखिमवाट सतर्क रहन आग्रह गर्दछौं ।

साथै गाउँपालिका भित्रका अति आबश्यक सेवा बाहेक सरकारी कार्यालय, विद्यालय, गैरसरकारी तथा सामाजिक संघसंस्थाहरुमा आज मिति २०८१ साल भाद्र ९ गते सार्वजनिक शोक बिदा गरिएको छ । आ आफ्नो कार्यालय बन्द गरि खोज उद्दार, राहत र पुनर्स्थापनामा सहयोग गर्नुहुन गाउँपालिका परिवार हार्दिक आग्रह गर्दछ ।

.....................

भोला पाठक

नि. कार्यालय प्रमुख

**नि.कार्यालय प्रमुख**

Website: www.dorambamun.gov.np

Email: ito.dorambamun@gmail.com